# बैठक संख्याः १५औं

मितिः २०८३।१।११ शुक्रवार    समयः दिनको २:०० बजे    स्थानः सि.न.पा.को सभा हल

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा सदस्य - वडा नं. ६) | कार्यपालिका सदस्य | |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | |
| १० | श्री राजन जंग राणा (वडा अध्यक्ष - वडा नं. ८) | कार्यपालिका सदस्य | |
| ११ | श्री बसुन्धरा शर्मा (वडा सदस्य - वडा नं. ९) | का.बा. अध्यक्ष | |
| १२ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | |
| १४ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | |
| १५ | श्री सोम बहादुर गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १३) | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | |
| २४ | श्री जनक थापा (प्रमुख प्रशासकीय अधिकृत) | सचिव | |
| २५ | श्री देव प्रसाद ज्ञवाली (वरिष्ठ अधिकृत, साँतौं) | प्रशासनिक काम गर्ने | |

**प्रस्तावहरु:**

१. हाटबजार व्यवस्थापन सम्बन्धमा ।
२. नगर शिक्षा समिति गठन सम्बन्धमा ।
३. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
४. प्रदेश विशेष र समपुरक योजना छनौट सम्बन्धमा ।
५. विविध ।

## बैठक संख्या - १५औं

## मिति २०८३/१/११ को नगर कार्यपालिका बैठकको निर्णयहरुः-

### निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिका वार्ड न ५ र १३ को सडकमा लाग्दै आएको हाटबजार नगरपालिकाद्धारा निर्माण गरिएको ए ब्लकमा सार्ने भनी यस पूर्व कार्यपालिका बैठकबाट भएको निर्णयानुसार कार्यान्वयन शुरु गरिएकोमा तरकारी, खाद्यान्न, फलफुलका अधिकतम पसलहरु तथा केही कस्मेटिक र कपडाको पसलहरु मात्र भवनमा सरेता पनि कपडाका अधिकतम पसल तथा केही तरकारी र कस्मेटिक पसल बाहिर सडक किनारमा लगाएको देखिएकोले बाहिर लागेका तरकारी, खाद्यान्न, फलफुल, कस्मेटिक र कपडाका सबै पसलहरु अनिवार्य रुपमा एक ब्लकमा सार्ने र ए ब्लक तथा बि ब्लकको आसपासमा अन्यत्र हाटको रुपमा तरकारी तथा खाद्यान्न बेचविखन गर्ने तवरबाट हाटबजारको अनुमति नदिने निर्णय गरियो ।

### निर्णय नं.- २(दुई)

सिद्धार्थनगर नगरपालिकाको शिक्षा ऐन, २०७४ दफा ९ को उपदफा १ मा नगर शिक्षा समिति गठन सम्बन्धि व्यवस्था भएकोमा ऐ. ऐनको दफा ९ को उपदफा १ को खण्ड ग, घ, ङ, च र छ मा भएको व्यवस्था बमोजिमका सदस्यहरु कार्यपालिकाबाट मनोनित गर्ने प्रावधान भएको हुँदा सो सम्बन्धमा थप गृहकार्य गर्नुपर्ने देखिएकोले आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिकाको फोहोरमैला व्यवस्थापन चुनौतीको रुपमा रहेकोले यसको दिर्घकालिन समस्या समाधानका लागि घर घरबाट नै फोहोर वर्गीकरण अभियान सन्चालन गरी फोहोरमैला व्यवस्थापनका लागी निम्नानुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१. घर घरमै फोहोरको वर्गीकरण गर्ने अभियान सञ्चालन गर्न वडा तहबाट सबै वडा सदस्यहरुको अगुवाइमा फोहोरको वर्गिकरण गर्ने कार्यलाइ अभियानकै रुपमा सन्चालन गर्ने ।

२. सडकमा फोहोर निस्कन नदिने गरी जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने । र फोहोर वर्गीकरणका गर्ने तथा जथाभावी सार्वजनिक स्थलमा फोहोर नफाल्न जनचेतना मुलक जिङ्गल बनाइ माइकिङ्गको व्यवस्था मिलाउने ।

३. नगरवासीले फोहोर वर्गीकरण नगरी सार्वजनिक सडक तथा जग्गामा कुनै पनि प्रकृतिको फोहोर फालेको पाइएमा फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रचलित कानुन बमोजिम कसुरको मात्राको आधारमा दण्ड जरिवाना गर्ने ।

४. सिद्धार्थनगर नगरपालिकाको नाममा रहेको ओमसतिया वडा नं. ४ मा रहेको जग्गालाइ पार्खाल लगाइ संरक्षण गर्ने र सोही स्थानमा दिर्घकालिन रुपमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्ने।

५. सबै वडातहमा टोलविकास संस्था गठन गर्ने ।

निर्णय नं.- ४(चार)

प्रदेश बिशेष र समपुरक अनुदान अन्तर्गत देहाय बमोजिमका योजनाहरु छनौट गरी लुम्बिनी प्रदेशमा सिफारिश साथ अनुरोध गरी पठाउने निर्णय गरियो ।

१. यस नगरपालिका अन्तर्गत सञ्चालन हुने आयोजनाका लागि लुम्बिनी प्रदेश बिशेष अनुदान तर्फका योजना कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी) नेपालको च नं. २३६ मिति २०८२/१२/२७ को पत्रानुसार लुम्बिनी प्रदेशको विशेष अनुदान कार्यक्रम संचालन कार्यबिधी २०७६ (दोस्रो संशोधन २०८१ समेत) को दफा ५(२) बमोजिम यस नगरपालिका अन्तर्गत आर्थिक बर्ष २०८३/८४ का लागी देहायका योजनाहरु विशेष अनुदान तर्फ प्रस्ताव गर्ने निर्णय गरियो ।

बिशेष अनुदान तर्फका योजनाहरु तथा कार्यक्रमः

| सि.नं. | आयोजनाको नाम | माग गरिएको रकम रु. | अवधि (वर्ष) | कैफियत |
|---|---|---|---|---|
| १. | सिद्धार्थनगर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा ई-हाजिरी जडान गर्ने, ल्यापटप, प्रिन्टर खरिद कार्य । | ३९,९९,९४०/०० | १ वर्ष | |
| २. | सिद्धार्थनगर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्मार्टबोर्ड खरिद कार्य । | ३९,९९,९९२/०० | १ वर्ष | |

२. यस नगरपालिका अन्तर्गत सञ्चालन हुने आयोजनाका लागि लुम्बिनी प्रदेश समपुरक अनुदानका आयोजनाको प्रस्ताव गर्ने सम्बन्धमा लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपालको च नं. ६१९ मिति २०८२/१२/२७ को पत्रानुसार प्रदेश समपुरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यबिधी, २०८१ बमोजिम यस नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८३/८४ का लागी देहायका योजनाहरु समपुरक अनुदान अन्तरगत प्रस्ताव गर्ने निर्णय गरियो ।

समपुरक अनुदान तर्फका योजनाहरुः

| सि.नं. | आयोजनाको नाम | माग गरिएको रकम रु. | नगरपालिकाले व्यहोर्ने रकम | अवधि (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिद्धार्थनगर नगरपालिकाको नाममा रहेको ओमसतिया-४, पट्खौलीमा रहेको जग्गामा फोहोमैला व्यवस्थापनका लागि आयोजना सन्चालन कार्य । | ४,०१,४६,६४१/०० | २,४०,८७,९८४/०० | २ वर्ष | |
| २. | फोहोरमैला व्यवस्थापनलाइ प्रभावाकारी रुपमा सन्चालन गर्नका लागी इक्पमेन्ट खरिद गर्ने । | १,०१,६४,०००/०० | ६०,९८,४००/०० | १ वर्ष | |